# सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम २०८१ सालको दोस्रो त्रैमासिक (कार्तिक,मंसिर र पुस) महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु (स्वतः प्रकाशन) को विवरण




कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि विकास कार्यालय, जुम्ला

बिषयसूची


१. कृषि विकास कार्यालयको स्वरुप र प्रकृति

२. कृषि विकास कार्यालयको काम, जुम्लाको काम,कर्तव्य र अधिकारः

३. कृषि विकास कार्यालय जुम्लाको स्वीकृत दरवन्दीः

४. कृषि विकास कार्यालय जुम्ला बाट प्रदान गरिने सेवाहरुः

५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समयः

६. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

७. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

८. कृषि विकास कार्यालय जुम्लाबाट दोस्रो त्रैमासिकमा सम्पादित मुख्य कार्यक्रमहरु

९ कार्यालय प्रमुख र सूचना अधिकारीको विवरणः

१०. कृषि विकास कार्यालयसंग सम्बन्धित ऐन,कानून तथा कार्यविधीको सुचिः

११. सार्वजनिक निकायको वेभसाईटको विवरण

१२. आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

१३.सञ्चारका सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

१४. तोकिए बमोजिम अन्य कार्यको विवरण

१५. सूचना माग सम्बन्धी निवेदन र उपर सूचना दिईएको बिषयः

## १.कार्यालयको स्वरुप र प्रकृति

नेपाल अधिराज्यको साविक मध्यपश्चिमाञ्चल विकास क्षेत्रको कर्णाली अंचलको सुदुरमुकामको रुपमा रहेको जुम्ला जिल्ला नेपालको संविधान २०७२ अनुसार देश संघिय संरचना जाँदा नेपालका ७ वटा प्रदेश मध्ये कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्ला पर्दछ| यही जिल्लाको विजयनगरमा रहेको २०२८ सालमा कृषि शाखा, २०५१ सालमा कृषि विकास शाखा, २०६२ सालमा जिल्ला कृषि विकास कार्यालय, हुदै २०७५ सालमा कृषि ज्ञान केन्द्र (मुगु जिल्ला सहित कार्य क्षेत्र ) हुदै २०७६ साल भाद्र १५ गते कृषि विकास कार्यालयको नामले स्थापना भएको छ |कूल क्षेत्रफल २,५३,१०० हेक्टर मध्ये ३८,४८६ हेक्टर खेती योग्य भुमि रहेको छ जस मध्ये २६,४३५ हेक्टर कूल खेती भएको छ |सिचित ३,७८२ हेक्टर, असिचित (पाखो ) २२,६५३ हेक्टर रहेको छ |

### संगठानात्मक चार्ट

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

**कृषि विकास कार्यालय जुम्ला**

### संगठानात्मक चार्ट

**कार्यालय प्रमुख**
अधिकृत(९/१० तह) कृषि/समूहकर्त नहुने-१

**बालि संरक्षण शाखा**
- प्रा.स/अधिकृत ५/६ तह कृषि/बाली संरक्षण -१
- ना.प्रा.स ४/५ तह कृषि/बाली संरक्षण -१

**योजना शाखा**
- कृषि अर्थविज्ञ ७/८ तह/कृषि/एग्री.ईको-१
- प्रा.स/अधिकृत ५/६ तह कृषि/ एग्री.ईको -१

**खाद्य सूरक्षा तथा कृषि प्रसार शाखा**
- कृषि प्रसार अधिकृत ७/८ तह/कृ/कृ.प -१
- प्रा.स/कृषि प्रसार ५/६ तह/कृ/कृ.प्र -१

**बागवानी विकास अधिकृत**
- बागवानी विकास अधिकृत ७/८ तह /कृषि/बागवानी -१
- प्रास/अधिकृत ५/६ तह /कृषि/बागवानी -१
- ना.प्रा.स ४/५ तह कृषि/माटो बिज्ञान -१

**प्रशासन तथा लेखा शाखा**
- सहायक/अधिकृत/५/६ तह/प्र.सा.प्र-१
- लेखा सहायक/अधिकृत/५/६ तह/प्र/लेखा-१
- ह.स.च/श्रेणी बिहिन -१
- का.स/श्रेणी बिहिन-२

कृषि विकास कार्यालय जुम्ला

## २.कृषि विकास कार्यालयको काम, जुम्लाको काम,कर्तव्य र अधिकारः

कृषि विकास कार्यालय जुम्लाको कार्यविवरण देहाय बमोजिम रहेको छ ।

- प्रदेश सरकार मार्फत संचालन हुने कृषि विकास तथा कृषि व्यवसाय प्रवर्द्धनका कार्यक्रमहरु कार्यान्वयन एवं सहजिकरण गर्ने,
- स्थानिय तहसंगको समन्वय र सहकार्यमा नियमित रुपमा जिल्लाको समग्र कृषि वस्तुस्थिति सम्बन्धि तथ्याङ्क, सूचन संकलन तथा अद्यावधिक गरी अभिलेखिकरण गर्ने,
- नविनतम् कृषि प्रविधि प्रसारको लागि आवश्यक कृषि प्रसार शैक्षिक कृयाकलापहरु संचालन गर्ने,
- स्थानीय तहसंगको समन्वय र सहकार्यमा नियमित रुपमा जिल्लाको समग्र कृषि वस्तुस्थिति सम्बन्धि तथ्याङ्क, सूचना संकलन तथा अद्यावधिक गरी अभिलेखिकरण गर्ने,
- प्रदेश सरकारले प्राथमिकता प्राप्त बाली वस्तुहरुको विकास एवं प्रवर्द्धनको लागि योजना तर्जुमा, मूल्य अभिवृद्धि श्रंखलाको विकास गरी कार्यान्वयन तथा समन्वय गर्ने,
- आर्थिक महत्वका स्थानीय कृषि जैविक विविधताको पहिचान, संरक्षण एवं संवर्द्धन गर्ने,
- स्थानीय तहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्राविधिक सेवा टेवा प्रदान गर्ने
- कृषकस्तर सीप/क्षमता विकास तालिम तथा अभिमुखिकरण तालिम संचालन गर्ने,
- विभिन्न बालीमा देखापरेका रोग किराको पहिचान गरी कृषकलाई उचित प्राविधिक सल्लाह र सुरक्षित जैविक विषादी प्रयोग गर्ने तरिकाबारे सचेतनामुलुक कार्यक्रम संचालन गर्ने,
- बाली संरक्षण संग सम्वन्धित प्रविधि पुस्तिकाहरु प्रकाशन एवं प्रचार प्रसार जस्ता कार्यक्रम संचालन गर्ने,
- बागवानी संग सम्वन्धित प्रविधिको नियमीत रुपमा प्रचार प्रसार प्रदर्शन तथा परामर्श सेवा सम्बन्धी कार्य
- कार्यालयबाट संचालन हुने वार्षिक स्वीकृत कार्यक्रमहरुको आवश्यक सूचना प्रकाशन, प्राप्त आवेदनहरुको स्थलगत भेरिफिकेशन, सम्झौता तथा कार्यान्वयनसंग सम्वन्धित क्रियाकलापहरुको सघन रुपमा अनुगमन निरिक्षण गरि प्रगति तथा उपलब्धि मापन र अभिलेखिकरण गर्ने जस्ता कार्य,
- कृषि प्राविधिक, कृषकहरुका लागि क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी तथा भ्रमण जस्ता कार्यक्रमहरु संचालन तथा व्यवस्थापन सम्बन्धि आवश्यक कार्यहरु गर्ने/गराउने,
- बीउ विजन बिक्रेताहरुका लागि बीउ विजन उत्पादन तथा व्यवस्थापन तालिम संचालन गर्नका लागि सम्वन्धित निकाय संग आवश्यक समन्वय गर्ने तथा बीउ विजन बिक्रेता व्यवसायीको दर्ता तथा नविकरण कार्य गर्ने/गराउने,
- समग्र कृषि विकासको विषयमा संघ, प्रदेश र स्थानीय तहबीच आवश्यक समन्वयको काम गर्ने ।
- सरकारी/गैह्र सरकारी संस्था, अनुसन्धान केन्द्र हरु एंव कृषिसँग सम्बन्धित कम्पनीहरुसंग समन्वय गरि प्रविधि प्रसार सम्बन्धी क्रियाकलापहरु संचालन गर्ने/गराउने ।
- कृषि कर्जा एवं बाली विमा सम्बन्धि कार्यमा आवश्यक समन्वय र सहजिकरण जस्ता कार्य संचालन गर्ने,

कृषि विकास कार्यालय जुम्ला

## ३. कृषि विकास कार्यालय जुम्लाको स्वीकृत दरवन्दीः

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

### कृषि विकास कार्यालय,जुम्ला

### कर्मचारी दरबन्दि विवरण

| क्र.स | कर्मचारीको श्रेणी /तह | कुल कर्मचारी दरबन्दि | कार्यालयमा कार्यरत कर्मचारी संख्या | रिक्त पद | कैफियत |
|---|---|---|---|---|---|
| १ | अधिकृत नवौं/दशौं (प्रा) | १ | ० | १ | रिक्त |
| २ | अधिकृत सातौं/आठौं (प्रा) | ३ | ३ | ० | |
| ३ | अधिकृत छैटौं/सहायक प्राबिधिक पाचौं | ४ | ३ छैटौं / १ पाँचौं | ० | १ जना अध्यन बिदामा रहेको |
| ४ | लेखा र प्रशासन.(प्र) | २ | २ | ० | |
| ५ | प्राबिधिक चौथो/पाचौं | २ | २ | ० | |
| ६ | कार्यालय सहायक | २ | २ | ० | १ जना करार |
| ७ | सवारी चालक | १ | १ | ० | करार |
| कुल जम्मा | | १५ | १४ | १ | ९३% दरदन्दि पुर्ति |

## ४. कृषि विकास कार्यालय जुम्ला बाट प्रदान गरिने सेवाहरुको विवरणः

- प्राविधिक सेवा टेवा तथा उन्नत कृषि प्रविधि प्रसार सम्बन्धी सेवा
- कृषक स्तर सीप/क्षमता विकास तालिम तथा अभिमुखिकरण सम्बन्धी कार्य गर्ने।
- सचेतनामूलक कार्यक्रम संचालन।
- कृषि बजार,कृषि सूचना/तथ्याङ्क संकलन, अद्यावधिक एवं प्रकाशन
- आकस्मिक बाली संरक्षण सेवा/बाली उपचार शिविर संचालन
- कृषि व्यवसायहरु प्रवर्द्धन तथा विकास कार्यक्रमहरु संचालन
- कृषकहरुलाई अनुदान तथा प्रोत्साहन कार्यक्रममा सहयोग
- साना सिंचाइ निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य
- कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम संचालन
- बीउ उत्पादन श्रोत केन्द्रहरुको विकास एवं प्रोत्साहन सम्बन्धी सेवा
- स्थानीय तहमा कार्यरत कृषि प्राविधिक लगायत कृषकहरुलाई प्राविधिक पृष्ठपोषण गराउने

कृषि विकास कार्यालय जुम्ला

- किसानहरुको क्षमता अभिवृद्धि सम्वन्धिका कार्यक्रम सञ्चालन गर्ने
- लक्षित वर्ग/युवा वर्ग विशेष कार्यक्रमहरु संचालन गरी रोजगारी सृजना गराउने।

## ५.कृषि विकास कार्यालय जुम्लाको संगठन संरचना अनुसार प्रदान गरिने सेवाहरुको विवरणः

- खाद्य सुरक्षा तथा कृषि प्रसार शाखाः
  - कृषि प्रविधि सम्वन्धि प्रचार प्रसारका लागि स्थानीय तहका कृषि प्राविधिकहरु, कृषकहरु तथा कृषिसँग सम्बन्धित अन्य सरोकारवालाहरुसंग नियमित रुपमा अन्तरकृया/छलफल गर्ने
  - जिल्लामा संचालित कृषक समुहहरुलाई सुदृढ गराउनु, कृषक समुहहरुलाई सहकारी तर्फ उन्मुख गराउन प्रेरिरित गर्नु।
  - कृषि मेला प्रदर्शनी,कृषक भ्रमण,दिवस, प्रतियोगिता, तालिम कार्यक्रमहरु समन्वय गर्ने गराउने।
  - आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन, परीक्षण तथा सिफारिस गर्ने/गराउने।
  - स्थानिय तहमा कार्यरत कृषि प्राविधिक एवं कृषकहरुका लागि प्राविधिक परामर्श सेवा प्रदान गर्ने/गराउने।
- बागवानी विकास शाखाः
  - यस शाखाको जिम्मेवारी अन्तर्गत जिल्ला भित्र बागवानीजन्य बालीहरु तरकारी, फलफूल तथा अन्य सम्भाव्य नगदेवालीहरुको पहिचान गरी क्षेत्रफल बिस्तारका साथसाथै उत्पादन र उद्पादकत्व बृद्धि गर्ने जस्ता कार्याक्रम संचालन गर्ने।
  - स्वीकृत कार्यक्रम अनुसार तरकारी बालीका बिउ बितरण कार्य गर्ने।
  - फलफूल बालीका नर्सरी सुदृढीकरण गर्ने।
  - बगैचा व्यवस्थापन सम्बन्धीको बिभिन्न कार्यक्रम संचालन गर्ने।
  - बागवानी सम्बन्धी अन्य प्राविधिक सेवाटेवा प्रदान गर्ने।
- योजना शाखाः
  - यस कार्यालयमा रहेका अन्य सबै शाखाहरु संगको समन्वयमा कार्यालयको वार्षिक कृषि विकास कार्यक्रम, बजेट तथा योजना तर्जुमा गरि PLMBIS मा प्रविष्टि गर्ने ।
  - बजेट तथा कार्यक्रम सम्बन्धी जानकारी तथा सेवा प्रदान गर्ने।
  - कृषि बजार र तथ्याङ्क संकलन विश्लेषण गरी अभिलेख राख्ने।
  - जनचेतना मुलक कृषि सन्देश,सामाग्री उत्पादन तथा प्रचार प्रसार गर्ने।
- बाली संरक्षण शाखाः
  - बालीमा लाग्ने रोगकिरा व्यवस्थापन तथा सुरक्षित तरिकाले रोकथान सम्बन्धी प्राविधिक सेवा प्रवाह गर्ने।

कृषि विकास कार्यालय जुम्ला

- ➢ मौरीपालन, च्याउ उत्पादन सम्बन्धी प्राविधिक सेवा प्रदान गर्ने।
- ➢ बालि उत्पादन पछीको प्राबिधिक सेवा।
- ➢ एकिकृत शत्रु जिव व्यवस्थापन कार्यक्रम संचालन,बाली अनुगमन र जैविक बिषादी सम्बन्धी कार्य ।

❖ प्रशासन शाखाः

- ➢ कार्यालयका कर्मचारीहरुको दैनिक प्रशासनिक कार्य व्यवस्थापन गर्ने।
- ➢ कार्यालयको जिन्सी साधन तथा अन्य भौतिक तथा बिद्युतिय सामाग्रीहरुको व्यवस्थापन गर्ने
- ➢ दैनिक प्रशासनिक कार्यहरु गर्ने/ गराउने।

❖ लेखा शाखाः

- ➢ आन्तरिक तथा अन्तिम लेखा परिक्षण गर्ने गराउने ।
- ➢ तलबी प्रतिवेदन तयार तथा प्रमाणित गराउने।
- ➢ कार्यालयको विनियोजन, राजश्व, धरौटी र विविध नगद सम्पतिको लेखा राख्ने लगायत आदि कार्यहरु।
- ➢ बेरुजु सम्परिक्षण सम्बन्धी कार्यहरु गर्ने।
- ➢ आर्थिक मितव्ययिता कायम गर्ने।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समयः

| क स | प्रदान गरिने सेवाहरु | सेवामा लाग्ने दस्तुर रु | सम्बन्धित शाखा | जिम्मेवारी कर्मचारी कोठा न |
|---|---|---|---|---|
| १ | बजेट तथा कार्यक्रम सम्बन्धी जानकारी तथा सेवा | निःशुल्क | योजना शाखा | प्रा स श्री लक्षिराम महत कोठा न ४ |
| २ | कृषि बजार र तथ्याङ्क सम्बन्धी | | | |
| ३ | खाद्यन्न बाली उत्पादन सम्बन्धी प्राविधिक सेवा | निःशुल्क | खाद्य सुरक्षा तथा कृषि प्रसार शाखा | अधिकृत सातौ श्री शेर बहादुर भण्डारी अधिकृत छैटौ श्री कमला थापा कोठा न ५ |
| ४ | बिउ उत्पादन तथा प्रमाणिकरण सेवा | नियमाअनुसार | | |
| ५ | कृषि प्रविधि सम्बन्धी तालिम प्रचार प्रसार सेवा | निःशुल्क | | |
| ६ | कृषि औजार र यन्त्रउपकरण सम्बन्धी सेवा | निःशुल्क | | |
| ७ | रासायनिक तथा जैविक मल सम्बन्धी सेवा | नियमाअनुसार | | |
| ८ | रोग किरा सम्बन्धी सेवा | निःशुल्क | बाली संरक्षण शाखा | नायव प्राविधिक सहायक श्री दिपक सिंह धामी कोठा न ९ |
| ९ | मौरी पालन ,रेशम पालन च्याउ उत्पादन सम्बन्धी प्राविधिक सेवा | निःशुल्क | | |
| १० | बिषादि इजाजत पत्र सम्बन्धी सेवा | नियमाअनुसार | | |
| ११ | बाली उत्पादन पछिको प्राविधि सेवा | निःशुल्क | | |

कृषि विकास कार्यालय जुम्ला

| | | | | |
|---|---|---|---|---|
| १२ | फलफुल तरकारी बेर्ना उत्पादन नर्सरी दर्ता लगायत प्राविधिक सेवा | नियमाअनुसार | बागबानी शाखा | बागबानी बिकास अधिकृत तिर्थराज देवकोटा अधिकृत छैटौ राज्यलक्ष्मी खत्री कोठा न ३ |
| १३ | माटो परिक्षण सेवा | नियमाअनुसार | माटो शाखा | नायव प्राविधिक सहायक श्री अमृता खड्का कोठा न ७ |
| १४ | प्रशासन तथा जिन्सी सम्बन्धी सेवा | नियमाअनुसार | प्रशासन शाखा | प्रशासकिय अधिकृत श्री नन्दमाया रोकाया कोठा न १० |
| १५ | आर्थिक प्रशासन सम्बन्धी सेवा | नियमाअनुसार | आर्थिक प्रशासन शाखा | अधिकृत छैटौ श्री नवराज देवकोटा कोठा न |
| १६ | साना सिचाइ सम्बन्धी सेवा | नियमाअनुसार | प्राविधिक शाखा | अ स ई श्री उपेन्द्र पहाडी |

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

- **सरकारी निर्णय प्रक्रियाः**

सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्बन्धी ऐन, २०६४ लगायत प्रचलित कानुन बमोजिम।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- प्रचलित कानुन बमोजिम तोकिएको विषयमा सोही बमोजिम नै हुने छ भने अन्यको हकमा यस कार्यालयबाट गरिएका निर्णय उपर उजुरी गर्नु परेमा निर्णय गर्ने अधिकारी भन्दा एक श्रेणी माथीका अधिकारी समक्ष उजुरी गर्नु पर्ने छ । यसरी सेवाग्राहीले प्रत्यक्ष रुपमा निवेदन मार्फत वा कार्यालयमा व्यवस्था गरिएको उजुरी पेटिकामा आफ्नो गुनासो वा उजुरी दिन सक्ने छन् । प्राप्त उजुरीहरुलाई नियमित रुपमा संकलन तथा विश्लेषण गरी व्यवस्थापन गर्न कार्यालय प्रमुख लाई गुनासो सुन्ने अधिकारीको जिम्मेवारी प्रदान गरिएको छ ।

## ९. कृषि विकास कार्यालय जुम्लाबाट दोस्रो त्रैमासिकमा सम्पादित मुख्य कार्यहरुः

दोस्रो त्रैमासिक कार्यप्रगति विवरण बजेट रु. लाखमा

| क.स | कार्यक्रम नं | खर्च शिर्षक नं | क्रियाकलाप हरु | बार्षिक लक्ष्य | | | दोस्रो चौमासिक | | | कफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| क | कृषि व्यवशाय प्रवर्द्धन कार्यक्रम | | | | | | | | | |
| १ | १.४.४.९ | २२५२२ | जिल्ला स्तरिय कृषक | १ | ३.५४ | ४.५ | १ | १.१८ | १.५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्याउ,ओखर सम्बन्धी तालिम | | | | | | | |
| २ | २.७.१५.१९३४ | २२५२२ | प्रमुख बालिहरुको बाली बटानी | ५०. | ०.२ | ०.२५ | २६ | ०.१ | १.५ | |
| ३ | २.७.१५.५६७ | २२५२२ | दिवस,समारोह ,मेला महोत्सव(जैविक विविधता दिवस २०८१ ) | ३. | १.१८ | १.५ | १ | ०.३९ | ०.५ | |
| ४ | २.७.१६.२ | २२५२२ | घुम्ति बाली शिविर | २. | ०.७९ | १. | १ | ०.३९ | ०.५ | |
| ५ | २.७.१८.२१३ | २२५२२ | कृषि बजार मुल्य सूचना संकलन तथा प्रषण | १२. | ०.९ | ०.१२ | ३ | ०.४ | ०.४ | |
| **ख** | **कृषि प्रविधि प्रवर्द्धन,कृषि प्रसार खाद्य सुरक्षा कार्यक्रम** | | | | | | | | | |
| १ | २.७.५.७६ | २२५२२ | त्रैमासिक समिक्षा गोष्टी(स्थानिय कृषि शाखा,उपप्रमुख र समन्वय प्रमुख र उपप्रमुख) | २. | ५.०३ | २. | १ | २.५ | १. | |
| २ | २.७.१६.५ | २२५२२ | आई.पि.एम एप्रोज प्रदर्शन संचालन | २. | २.५२ | १. | १ | ०.५ | ०.२ | |
| **ग** | **प्राङ्गारिक कृषि प्रवद्धन, रैथाने बाली तथा पशुपन्क्षी** | | | | | | | | | |
| १ | २.७.८.२ | २२५२२ | रेडियो,एफ.एम प्रसारण कार्यक्रम | ४. | ६.०७ | १.२८ | ०.१ | ०.५ | ०.५ | |
| | **कृषि विभाग( संघ शर्सत अनुदान)** | | | | | | | | | |

कृषि विकास कार्यालय जुम्ला

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २.७.१५.२७१७ | २२५२२ | प्राङ्गारिक कृषि प्रवद्वन कार्यक्रम | १. | १००. | १०. | १ | १ | १ | |

# अन्य कार्यहरुः

- चालु आ.व २०८१।०८२ मा यस कार्यालय बाट संचालन हुने बिभिन्न कार्यक्रमको फिल्ड भेरीफिसकेसन तथा फिल्ड प्रमाणिकरण।
- व्यवसायिक किसानहरुलाई बैंक मार्फत ब्याजमा अनुदान कार्यक्रमको फिल्ड भेरिफिकेसन
- किसानको आवश्यता अनुसार प्राविधिक सरसल्लाह प्रदान गर्ने।

## १०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

**कार्यालय प्रमुखः**

- नामः रामभक्त अधिकारी
- पदः नि.कार्यालय प्रमुख
- सम्पर्क न. ९८४८३०२०९१
- Email: rbadhakari.jumla@gmail.com

**सूचना अधिकारी**

- नामः दिपक सिंह धामी
- पदः नायब प्राबिधिक सहायक
- सम्पर्क न. ९८५८३६६२२७
- Email: deepaksinghdhami2059@gmail.com

## ११. कृषि विकास कार्यालयसंग सम्बन्धित ऐन,कानून तथा कार्यविधीको सुचिः

### क. ऐनहरू तथा नियमहरु

- कर्णाली प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७९
- कर्णाली प्रदेश खाद्य सम्प्रभुता ऐन २०७९
- कर्णाली प्रदेश सहकारी ऐन २०७५
- कर्णाली प्रदेश प्राङ्गारिक कृषि ऐन २०७७
- कर्णाली प्रदेश कृषि व्यवसाय प्रवर्द्धन नियमावली २०८०

कृषि विकास कार्यालय जुम्ला

- कर्णाली प्रदेश सहकारी नियमावली २०८०
- कर्णाली प्रदेश खाद्य अधिकार तथा  खाद्य सम्प्रभुता नियमावली २०७९
- मुख्यन्त्री महिला आयआर्जन कार्यक्रम संचालन कार्यविधि २०७९
- कृषि तथा पशुपन्क्षी पालन व्यवसायको लागी ब्याज अनुदान कार्यक्रम कार्यविधि २०७७

**ख. निर्देशिका तथा कार्यविधिहरुः**

- अर्गानिक (प्राङ्गारिक) कृषि मिसन कार्यक्रम संचालन निर्देशिका २०७६
- कृषि  तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८१
- मुल्यवान लोगो मापदण्ड २०७९
- आन्तरिक नियन्त्रण प्रणाली २०८०

## १२. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण

**www.adojumla.gov.np**



## १३. आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

| सि. नं. | आयोजना/कार्यक्रमको विवरण | दोस्रो चैमासिक विनियोजन वजेट (रु. हजारमा) | | | दोस्रो चैमासिक खर्च वजेट (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | चालु वजेट | पुजिगत वजेट | जम्मा वजेट | चालु वजेट | पुजिगत वजेट | जम्मा वजेट | खर्च प्रतिशत |
| १ | प्रदेश वित्तिय समानीकरण | १९१५७ | १८९२५ | ३८०८२ | ५५९० | २५४ | ५८४४ | १५.३४ |
| २ | कृषि/ पशुसेवा विभाग (संघ शसर्त अनुदान) | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | १९१५७ | १८९२५ | ३८०८२ | ५५९० | २५४ | ५८४४ | १५.३४ |

# राजश्व विवरण

| क्र. सं. | राजश्व श्रोत | राजश्व रकम रु. | |
|---|---|---|---|
| | | दोस्रो त्रैमासिक | अर्धवार्षिक (हालसम्म) |
| १ | निवेदन र वेरुजु दाखिला | ४२५०३ | ८३३०३ |

**१४ सञ्चारका सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

कार्यालयको website, सामाजिक सञ्जाल, स्थानीय संचार माध्यमहरु तथा अन्य संचार माध्यामहरु बाट प्रशारण गरिन्छ।

**१५ तोकिए बमोजिम अन्य विवरण नभएको**

नभएको

**१६सूचना माग सम्बन्धी निवेदन र उपर सूचना दिईएको बिषयः**

स्वतः प्रकाशन

कृषि विकास कार्यालय

समाप्त